स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म '११:५५' मा सृष्टि श्रेष्ठ र महेश त्रिपाठी अनुबन्धित भएका छन् । केशव पाण्डेको डेब्यु निर्देशन रहने फिल्मको छायांकन आउँदो शनिबारदेखि काठमाडौंमा सुरु हुँदैछ । फिल्मको शीर्ष भूमिकामा सृष्टि र महेशसँगै करिश्मा श्रेष्ठ, बुद्धि तामाङ र एमएस अग्रजको शीर्ष भूमिका हुनेछ । लामो समयदेखि अष्ट्रेलियामा बसेर छोटा फिल्म निर्देशन गर्दै आएका पाण्डेले क्राइम थ्रिलर फिल्म बनाउन लागेका हुन् । अभिनेतृ सृष्टि श्रेष्ठको पछिल्लो फिल्मको रुपमा 'प्रेमा' थियो ।

आजको विचार...



गणतन्त्र...

(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल

पूर्वमिस नेपाल श्रृंखला खतिवडाले मंसिर २८ गते लगनगाँठो कस्दैछिन् । यतिबेला श्रृंखला र उनको परिवारलाई विवाहको तयारी गर्न भ्याइनभ्याइ छ । विवाहको खबर मिडियामा आएपछि उनलाई बधाईको ओइरो छ । केही दिनअघि पूर्वमिस नेपालहरुले नगरकोटमा भेला भएर श्रृंखलालाई विवाहको सामूहिक बधाई दिएका छन् । काव्या रिसोर्ट एण्ड स्पामा भेला भएर उनीहरुले श्रृंखलालाई बधाई दिए । एक दर्जन पूर्वमिस नेपालले श्रृंखलाको यो खुसीमा रमाइलो गरे । नगरकोटको उक्त रिसोर्टले पूर्वमिस नेपालहरुको यो जमघटको व्यवस्था मिलाएको थियो ।



❒ वर्ष २९ ❒ अंक १२९ ❒ २०८० मंसिर २१ गते बिहीबार 7 December 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# भेटिएका शवको अझै पहिचान खुलेन, व्यवस्थापनमा झन्झट

रामचन्द्र रायमाझी

**पाल्पा,** मंसिर २०/मंसिर १४ गते बिहीबार पाल्पा तिनाउ गाउँपालिका -५ चरचरेस्थित सिद्धार्थराजमार्गको छेउमा एक पुरुषको शव भेटियो । अन्दाजी २०/२२ को पुरुषको छेद्‌विच्छेद अवस्थामा शव भेटिएको हो ।

नाम/थर, वतन नखुलेको अवस्थामा पुरुषको शव फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उचाई ५ फिट ३ ईन्च, बायाँ हातको नाडीमा घडी र आँखाको ट्याटु भएको, शरीरमा खैरो रङको ज्याकेट (विन चिटर), हरियो रङको स्वीटर, कालो रङको ट्राउजर, कलेजी रङको टि-सर्ट, बैजनी रङको गलबन्दी र सेतो सोलमा खैरो रङको कन्भर्स जुत्ता लगाएको अवस्थामा शव फेला परेको हो । यस्तै मंसिर १९ गते मंगलबार बिहान ९ बजे तिनाउ गाउँपालिका -३ तल्लो सिद्धबाबा मन्दिर नजिकै सिद्धार्थ राजमार्गको कुना पट्टिको नालीमा अर्को एक जनाको पनि शव फेला पर्‍यो । ५०/५५ जत्तिको उमेर देखिने पुरुषको शव फेला परेको हो । प्रहरीका अनुसार उचाई ४ फिट ९ ईन्च, टाउको र घाँटीमा पहेलोमा रातो रंगको ओम नमः शिवाय श्रीराम लेखेको ३ वटा सल भिरेको, खैरो रंगमा कालो बुट्टे स्विटर, खैरो रंगको टिसर्ट, कालोमा सेतो धर्का भएको हाप पाईन्ट, कालो फित्तावाला चप्पल लगाएको, कालो रंगको भिर्ने र पछाडी बोक्ने २ वटा झोला बोकेको, रुद्राक्ष माला लगाएको, वर्ण गहुँ गोरो, मंगोलियन अनुहार भएको, दाह्री जुंगा पालेको अवस्थामा शव भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले बताए । बिडम्वना अहिलेसम्म न तिे शवको पहिचान खुलेको छ, न त मृत्युबारे प्रहरीले कुनै रहस्य पत्ता लगाएको छ । मंसिर १४ गते भेटिएका पुरुषको शव लुम्बिनी प्रादेशिक



अस्पतालको शव गृह र मंसिर १९ गते भेटिएका पुरुषको शव पाल्पा अस्पतालको शव गृहमा थन्काइएको छ । पहिचान खुल्न नसकेका शवहरूको व्यवस्थापनमा प्रहरीलाई भने झन्झट हुने गरेको छ ।

सडकमा मागेर खाने व्यक्ति वा सुस्त मनस्थितिका व्यक्तिको मृत्यु हुँदा शवहरू बेवारिसे हुने र पहिचान गर्न सकस हुने गरेको प्रहरीले दाबी गरेको छ । प्रहरीले हालसम्म यी दुई घटनाको सनाखत हुन नसक्दा हुलियाको विवरण पठाएर मिडियाहरुलाई प्रचार-प्रसार गरी सहयोग गरिदिन समेत अनुरोध गरेको छ । 'हामीले अनेकौं प्रयास गरेका छौं । तर शव कसको हो पहिचान हुन सकेको छैन' प्रवक्ता श्रेष्ठले भने । अनुसन्धान अगाडि बढाए पनि शवको पहिचान र सनाखत नभएका कारण अरु कुनै पनि विवरणहरू नखुलेको उनले बताए । प्रहरीले शवको पहिचानका लागि सबै प्रहरी इकाइहरूलाई पनि विवरण पठाएको छ । प्रहरीले अनेक क्षेत्रमा हेर्ने बुझ्ने, सोध्ने गरेको छ । कसैका परिवार भित्रका आफन्त, साथीभाइ, कामदार वा चिने जानेका कोही सम्पर्कमा नआएको धेरै दिन भएको छ भने प्रहरीमा जानकारी दिन समेत प्रहरीले भनेको छ । पछिल्लो समय बिभत्स अवस्थामा बेवारिसे शव फेला पर्ने क्रम बढेको छ । शवको पहिचान नै नभएपछि मृत्यु बारे छानबिन गर्न र शव कहाँ व्यवस्थापन गर्ने भन्ने प्रहरीको टाउको दुखाइ बनेको छ । धेरै दिन शव राख्ने सुविधा नभएका अस्पतालहरुले एकाध दिन राखेर कसैले सम्पर्क गरेनन् भने सिधैं बेवारिसे घोषणा गर्ने गरेका छन् । प्रहरीले घटनास्थल गई मृतकको हुलिया विवरण, फोटो सहितको मुचुल्का, साक्षीको भनाइ लगायतको प्रतिवेदन तयार गरेर पहिचान नखुलेको शवलाई जिल्ला सरकारी अस्पतालमा पठाउनु पर्ने व्यवस्था छ ।

## सक्षिप्त समाचार

### बस दुर्घटनामा १७ को मृत्यु

(रासस/एएफपी)

**मनिला,** मंसिर २०/मध्य फिलिपिन्सको पहाडमा एउटा यात्रुवाहक बस सडकको खतरनाक मोडबाट चिप्लिएर खस्दा १७ जनाको मृत्यु र ११ जना घाइते भएको अधिकारीहरूले बुधबार बताएका छन् । एन्टिक प्रान्तको ह्यामटिक नगरपालिकामा गुडिरहेको बस मंगलबार दिउँसो दुर्घटनामा परेको प्रान्तीय विपत् एजेन्सीका प्रमुख रोडरिक ट्रेनले बताए । उनले सडकको त्यस भागलाई 'सम्भावित दुर्घटना स्थल' भन्दै अस्पतालमा सात जनाको अवस्था चिन्ताजनक र अन्य चारको अवस्था सामान्य रहेको जानकारी दिए । मृत्यु हुनेमध्ये एक केन्याली रहेको र अर्को केन्याली गम्भीर घाइते भएको जनाइएको छ । प्रान्तीय गभर्नर रोडोरा काडियोका अनुसार बसमा चार केन्यालीसहित अधिकांश एन्टिकका बासिन्दा थिए । यद्यपि पछि प्रहरीले बसमा दुई जनामात्र केन्याली रहेको पुष्टि गरेको छ । एउटा शवको सनाखत हुन सकेको छैन । 'म त्यस स्थानलाई 'हत्यारा मोड' भन्छु, यो पहिला नै त्यहाँ खसेको दोस्रो सेरेस बस थियो', बस कम्पनीको नाम उल्लेख गर्दै काडियोले भने, 'यति धेरै संख्यामा मृत्यु भएकाले त्यस सडकलाई त्याग्नुपर्छ र सो क्षेत्रलाई सुरक्षित बनाउनका लागि अर्को सडक बनाउनुपर्छ ।' उनका अनुसार घना जंगलको खाडल करिब ३० मिटर गहिरो थियो । ट्रेनका अनुसार बस अग्लो स्थानबाट खस्दा ठूलो मात्रामा क्षति भएको हो । 'प्रत्यक्षदर्शीहरूका अनुसार यान्त्रिक गडबडीका कारण बस दुर्घटना भएको हो, सम्भवत: ब्रेक फेल भएर चालकले नियन्त्रण गुमाएको हुनसक्छ', उनले भने ।

### जंगलबाट भरूवा बन्दुक बरामद

**पाल्पा,** मंसिर २०/जिल्लाको रम्भा गाउँपालिका-२ फोक्सीङस्थित आँपगैरा जंगलबाट एकनाले भरुवा बन्दुक बरामद गरिएको छ । प्रहरी चौकी हुँगीबाट गस्तीमा खटिएको प्रहरीले सडक छेउबाट एक थान भरूवा बन्दुक फेला पारी बरामद गरेको हो । बन्दुक कसले र किन राखेको हो भन्ने विषय खुल्न सकेको छैन । उक्त विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## सूचना ! सूचना !! सूचना !!!

यस आनन्द बचत तथा ऋण सहकारी संस्था लि.बाट कर्जा लिई कारोबार गरी नियमित रुपमा संस्थामा बुझाउन पर्ने साँवा-ब्याज रकम नबुझाउनु भएका ऋणीहरुलाई पटक-पटक फोन, पत्राचार गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाउनु भएकोले यो सुचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्क गरी बुझाउन अनुरोध गर्दछौं । अन्यथा उक्त समय भित्र संस्थामा सम्पर्क गर्न नआएमा तपाई लगायत धनजमानीको समेत नामावली पत्र-पत्रिकामा प्रकाशन गरी सहकारी ऐन २०७४ र सहकारी नियावली २०७५ को परिच्छेद ८ को दफा ३० बमोजिम लिलामी प्रक्रिया अगाडि बढाउने यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.**

**तानसेन, पाल्पा**

**सम्पर्क : ०७५-५२१५५३**

## पीडा सहेरै हिंसा लुकाउन बाध्यता छन् महिला

सुशीला रेग्मी (रासस)

**रामपुर (पाल्पा),** मंसिर २०/ लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान देशव्यापी रुपमा चलिरहेको छ । हिंसा न्यूनीकरणको उद्देश्यका साथ बर्सेनि यो अभियान चलिरहे पनि हिंसाका घटना बाहिर आउन नसक्नु यतिखेर गम्भीर चुनौतीका रुपमा देखिएको छ । लैङ्गिक हिंसाविरुद्धको अभियान मनाउँदै गर्दा हिंसाका घटना पनि उत्तिकै बढिरहेका छन् । श्रीमान्-श्रीमती बीचको बेमेल, सासू-ससुरा, नन्द-अमाजूबाट महिला हिंसाको सिकार बन्न पुगेका छन् ।

हिंसा घरभित्रकै नजिकका भनिएका आफन्तबाट हुने गरेकाले कतिपय घटना भित्रभित्रै मिलाएर राखिएको छ भने धेरै भित्रभित्रै गुम्सिएर बसेका छन् । आफू हिंसाको सिकारमा परेको छु भन्ने थाहा हुँदाहुँदै पनि महिलाले न्यायका लागि बाहिर निस्कन नसक्ने अवस्था छ । आर्थिक क्षेत्रमा



महिला बलियो नभएकै कारण महिलाहरु हिंसा सहेर बस्नुपर्ने परिपाटीजस्तो बनेको छ । हिंसाका लागि उजुरी लिएर सम्बन्धित निकायमा पुग्ने महिलाले कानुनी उपचारमा न्याय त पाउँलान् तर समाजको पितृ सत्तात्मक सोचबाट महिला तिरष्कृत पनि बन्नुपरेको छ । यसले गर्दा हिंसालाई भित्रभित्रै लुकाएर राख्ने गरेको पाइएको छ । कानुनी उपचारका लागि आर्थिक रकम जुटाउन नसक्दा महिलाहरु हिंसा सहेर बस्न बाध्य भएको पाल्पा रामपुर नगरपालिका-५ बस्ने ममता श्रेष्ठ बताउँछिन् । अझै पनि हाम्रो समाजका केही परिवारमा सासू-ससुरा, नन्द-अमाजूका कारण छोरा-बुहारी, दाजु-भाउजू, भाइ-बुहारी मिलेर बस्ने वातावरण नभएको उनको भनाई छ । कानुनी प्रक्रियाबारे राम्रो जानकारी नहुनु, कानुनी उपचारका लागि आर्थिक समस्याका कारण आफूमाथि हिंसा भइरहेको थाहा हुँदाहुँदै पनि धेरै समय सहेर मनभित्रै हिंसा लुकाएर राख्न बाध्य भएको उनी बताउँछन् । 'सासू र नन्दको चरम हिंसाका कारण मेरो श्रीमानसँगको सम्बन्ध खलबलिएको छ, श्रीमान् वैदेशिक रोजगारमा हुनुहुन्छ, तीन वर्षदेखि श्रीमानसँग कुराकानी गर्न पाएकी छैन, सासू र नन्दबाट हामी श्रीमान-श्रीमतीबीचको सम्बन्धमा चिसोपना आएको छ", उनले गुनासो पोखिन् । आफूले प्रेम गरेको व्यक्तिसँग विवाह बन्धनमा बाँधिन पाउँदा उनी औधी खुशी हुन्थिन् । एक अर्काबीचको प्रेमलाई जीवन सहयात्रीका रुपमा सम्बन्ध स्थापित गर्न पाउँदा खुशीको पल रमाइलोसँग बिताउँदै गर्दा दुई वर्षपछि सम्बन्धमा चिसोपना आउन थाल्यो । परिवार मा दाइजो, श्रीमान् परस्त्रीसँग सम्बन्ध गाँसेका कारण विवाद उत्पन्न भएपछि सासू, नन्दबाट आफूमाथि अभद्र व्यवहार हुन थालेको श्रेष्ठ बताउँछिन् । विदेशमा रहेको श्रीमानलाई सासू र नन्दले नकारात्मक कुरा लगाएर टाढिने अवस्था बनाएपछि सम्बन्धमा दरार आएको उनको भनाइ छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## माटोको उर्वराशक्ति खस्कन नदेऊ

रासायनिक मलको बढ्दो प्रयोगका कारण खेतीयोग्य जमिनको उर्वराशक्ति खस्कदै गएको छ । कृषि उत्पादनका लागि उर्वर मानिने पाल्पा सहितका पहाडी जिल्लाहरुमा रासायनिक मलको प्रयोग बढी गर्दा माटोमा अम्लीयपन समेत बढ्दै गएको छ । जसका कारण माटोको उर्वराशक्ति खस्किन पुगेको कृषि प्राविधिकहरु बताउने गरेका छन् । कृषिको लागि अत्यन्त उर्वर मानिएको पहाडी जिल्ला पाल्पामा पछिल्लो समय अम्लीपन बढेको छ । यहाँ गत आर्थिक वर्षको डाटालाई हेर्ने हो भने पनि ११ सय ७ माटोको नमूना परीक्षणमा २ सय ८१ नमूना माटो अम्लीय देखिएको छ । यो अत्यन्त धेरै नै हो । यस्तो अम्लीयपनका कारण माटो बिग्रदै गएको हो । यसको समयमै ख्याल गरिएन भने उत्पादनमा धेरै कमी आउने निश्चित छ । माटोको उर्वराशक्ति घट्दै जाँदा समेत कसैको पनि ध्यान जान सकेको छैन । यो अत्यन्त दु:खको कुरा हो । माटोको महत्वलाई बुझाउन सरकारी तवरबाट कार्यक्रम हुने नगरेका होइनन्, तर घट्दो उर्वराशक्ति बढाउनतर्फ कसैको पनि ध्यान छैन । हरेक वर्षको डिसेम्बर ५ मा संयुक्त राष्ट्रसंघको आह्वानमा खाद्य तथा कृषि संस्थाले विश्व माटो दिवस मनाइने गरेको छ । मंगलबार पनि नेपालसहित विश्वभर यो दिवस मनाइएको छ ।

स्वस्थ माटोको महत्वलाई विश्वमा फैलाउने तथा माटोको स्रोतको व्यवस्थापनप्रति चेतना फैलाउने उद्देश्यले यो दिवस मनाउने गरिन्छ तर दिनहुँ घट्दै गएको माटोको उर्वराशक्ति बढाउनेतर्फ भने कसैले पनि चासो देखाएका छैनन् । दिवसका दिन गरिने कार्यक्रम औपचारिकतामा मात्र सिमित बन्न पुगेको छ । माटोमा भएको अम्लीय पदार्थलाई हटाउन कृषि चुनको प्रयोग गर्नुपर्ने हुन्छ । यसको साथै बढी भन्दा बढी कम्पोष्ट मल, जैविक मल प्रयोग गर्नका लागि कृषकहरुलाई सचेतना जगाउनुको साथै प्रोत्साहनका कार्यक्रम ल्याउन आवश्यक छ । बालीनालीका बोट खेतमा जलाउँदा माटोको गुणस्तर तथा उर्वरा सन्तुलन कायम गर्ने सूक्ष्म जीवहरू मर्नाले र एउटै किसिमका मात्र बाली पटक-पटक लगाइरहनाले पनि माटो बञ्जर बन्दै गएको छ । यही गतिमा उर्वर माटो बिग्रिँदै गए खाद्य उत्पादनमा ठूलो प्रभाव पर्ने देखिन्छ । यसलाई नियन्त्रण गर्न हरियो मल, गोबर तथा प्रांगारिक मलको प्रयोग बढाउने र सकेसम्म रासायनिक मलको प्रयोग कम गर्नतर्फ कृषक र सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

तोरीको दाना सानो हुन्छ, तर त्यसले आफ्ना जरा फैलाउने क्षमता राख्छ, त्यसैले कहिल्यै पनि अवसरलाई सानो ठानेर नछोड ।
(शिशिर नेपालको फेसबुकबाट https://www.facebook.com/shishir.nepal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणतन्त्र र यसलाई बलियो बनाउने केही आधारहरु




*पछिल्लो समय आर्थिक वृद्धि र प्रति व्यक्ति आयलाई समय अनुसार बढ्न नसक्नु, वैदेशिक ऋणको आकार तिव्ररुपमा बढ्नु, शोधान्तर स्थितिको अवस्था सन्तोषजनक नहुनु, आयात निर्यातको अन्तर प्रतिकुलरुपमा बढ्दै जानु, वैदेशिक मुद्रा प्राप्तिको स्रोत खुम्चिदै जानु तथा आम्दानीको तुलनामा सार्वजनिक खर्चको अवस्था बढ्दै जानु अर्थतन्त्र कमजोर हुनुका केहि मुख्य कारणको रुपमा रहेको देखिन्छ । अर्थतन्त्रको ठूलो अंश व्यवस्था सञ्चालनमा नै खर्च गर्नुपर्ने अवस्था सिर्जना हुने बित्तिकै विकास निमार्ण र जनताको दैनिकी सुधारमा परिवर्तन गर्न सकेनौ जसको कारण साशन व्यवस्था माथि नकरात्मक धारणाहरुरु विकास हुँदै गएको देखिन्छ । नेतृत्वले तत्काल आर्थिक पक्षमा आवश्यक सुधार गरी देशको अर्थतन्त्र बलियो बनाई गणतान्त्रिक साशन व्यवस्थालाई बलियो बनाउनेतर्फ ध्यान केन्द्रीत गर्नु पर्ने देखिन्छ । पछिल्लो समय संघीयता कार्यान्वयन र प्रदेश सञ्चालन तथा व्यवस्थापनमा सरकारी खर्च अत्याधिक बढेको देखिन्छ । विकास खर्च भन्दा साधारण खर्च बढी हुनुलाई अर्थजगतमा राम्रो मानिदैन ।*

नेपालमा कुनै एउटा समूह वा शक्तिको चाहनाले मात्रै गणतन्त्र आएको हैन । यसका लागि हजारौंको बलिदानी र नेपाली जनताको दशकौं अगाडिको प्रयास हो । नेपालमा क्रियाशिल सबै राजनीतिक दलहरु र सबै नेपालीको एकताको परिणाम हो । तर गणतन्त्र स्थापना र यसको अभ्यासको छोटो समयमै यस व्यवस्था माथि विभिन्न किसिमका प्रश्नहरु सिर्जना हुनु, आलोचित हुनु, विरोधका आवाजहरु बढ्दै जानु राम्रो पक्ष भने पक्कै होइन् । यसका लागि गणतन्त्रपछि साशन व्यवस्थाको बागडोर सम्माल्ने राजनीतिक दल र तीनका नेतृत्वहरु नै अगाडि आएको देखिन्छ भने यसलाई कमजोर बनाएर स्वार्थ पुरा गर्न केहि समूह प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लागेको देखिन्छ । यहि कारण गणतान्त्रिक साशन व्यवस्थालाई कमजोर र असफल बनाउन धर्म, जाती, भाषा आदिको नाममा विरोधका आवाजहरु सुनिन थालेको छ भने यसको दर दिनप्रति दिन बढ्दै गइरहेको देखिन्छ । सिमित स्रोत तर जनताको गणतन्त्र माथिको अपेक्षा अत्याधिक हुनु यस्ता आवाज उत्पन्न हुनुको एउटा कारण बन्न सक्दछ भने नेतृत्वकर्ताको कार्यशैली, व्यवहार र प्रवृत्तिमा सुधार हुन नसक्नु अर्को कारण बन्न सक्दछ । गणतान्त्रिक साशन व्यवस्थाका कमजोरी र आलोचनाहरुलाई हटाई कसरी गणतन्त्रलाई बलियो बनाई व्यवहारिक रुपमा जनताको साशन व्यवस्था बनाउन सकिन्छ । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

कुनै पनि साशन व्यवस्थालाई बलियो बनाउने सबै भन्दा महत्वपूर्ण आधार आर्थिक पक्ष हो तर विगत केहि वर्षदेखि विभिन्न कारणहरुले गर्दा नेपालको आर्थिक अवस्था दयनिय अवस्थामा रहेको देखिन्छ । व्यवस्था परिवर्तन भएकै कारण यो अवस्था उत्पन्न भएको होकी ? केहि समूहमा भ्रम परिरहेको देखिन्छ । पछिल्लो समय आर्थिक वृद्धि र प्रति व्यक्ति आयलाई समय अनुसार बढ्न नसक्नु, वैदेशिक ऋणको आकार तिव्ररुपमा बढ्नु, शोधान्तर स्थितिको अवस्था सन्तोषजनक नहुनु, आयात निर्यातको अन्तर प्रतिकुलरुपमा बढ्दै जानु, वैदेशिक मुद्रा प्राप्तिको स्रोत खुम्चिदै जानु तथा आम्दानीको तुलनामा सार्वजनिक खर्चको अवस्था बढ्दै जानु अर्थतन्त्र कमजोर हुनुका केहि मुख्य कारणको रुपमा रहेको देखिन्छ । अर्थतन्त्रको ठूलो अंश व्यवस्था सञ्चालनमा नै खर्च गर्नुपर्ने अवस्था सिर्जना हुने बित्तिकै विकास निमार्ण र जनताको दैनिकी सुधारमा परिवर्तन गर्न सकेनौ जसको कारण साशन व्यवस्था माथि नकरात्मक धारणाहरुरु विकास हुँदै गएको देखिन्छ । नेतृत्वले तत्काल आर्थिक पक्षमा आवश्यक सुधार गरी देशको अर्थतन्त्र बलियो बनाई गणतान्त्रिक साशन व्यवस्थालाई बलियो बनाउनेतर्फ ध्यान केन्द्रीत गर्नु पर्ने देखिन्छ । पछिल्लो समय संघीयता कार्यान्वयन र प्रदेश सञ्चालन तथा व्यवस्थापनमा सरकारी खर्च अत्याधिक बढेको देखिन्छ । विकास खर्च भन्दा साधारण खर्च बढी हुनुलाई अर्थजगतमा राम्रो मानिदैन । संघीयता कार्यान्वयनमा भएको सार्वजनिक खर्चको वृद्धिले कतै गणतान्त्रिक व्यवस्थामा नै समस्या सिर्जना हुने त होइन बहसको विषय बनेको छ । उदाहरणको रुपमा लुम्बिनी प्रदेशको केहि समय अगाडिको वित्तीय अवस्था हेर्दा आम्दानी ८ अर्ब र खर्च ३५ अर्ब हुनु र अन्य केहि प्रदेशको अवस्था पनि उस्तै हुनुले संघीयता खारेज गर्नु पर्ने धारणा बढाउदै लगेको देखिन्छ । बेलैमा यस सम्वन्धि आर्थिक व्यवस्थापनमा आजश्यक कदम चालिएन भने संघीयता मात्रै होइन व्यवस्थानै धरापमा पर्ने देखिन्छ । तिव्र विकास र जनतालाई सुविधा दिन तयार पारिएको राज्यको नयाँ सरचना देशका लागि सेतो हात्ती पाल्नु जस्तै र जनताका लागि करको भारी बोकाउनेमा केन्द्रीत भएका देखिन्छ । गणतन्त्रलाई बलियो बनाउनु छ भने प्रदेश खारेज गर्ने, नसके संख्या घटाउने, आर्थिक रुपमा आत्मनिर्भर बनाउने, अनावश्यक खर्चका क्षेत्रहरु कटौती गर्ने, आम्दानीका स्रोतहरुको खोजी गर्ने, आर्थिक पक्षमा स्वायत्ता प्रदान गर्ने, सासद, मन्त्री र मन्त्रालयको संख्यामा कमी गर्नुपर्ने देखिन्छ । प्रदेश सञ्चालन नै गर्नु छ भने आफ्नै आम्दानीमा खर्च व्यवस्थापनको योजना तयार हुनुपर्दछ । जबसम्म संघले दिएको वित्तीय अनुदानमा प्रदेश सञ्चालन गर्ने अभ्यास गर्दछौ तबसम्म प्रदेशहरु विकास निमार्ण र दैनिकी सुधारमा केन्द्रित नभएर राजनीतिक दलका नेतृत्वका लागि रोजगारी र सुविधा व्यवस्थापनको प्लेट फर्मको रुपमा केन्द्रीत हुने देखिन्छ । गणतान्त्रिक साशन व्यवस्थालाई बलियो बनाउनु छ भने प्रदेश राख्ने के नराख्ने भन्ने कुरामा राजनीतिक दलहरुमा बहस हुनुपर्ने देखिन्छ ।

गणतन्त्रलाई बलियो बनाउने अर्को महत्वपूर्ण आधार हो सुशासनको प्रत्याभुती र बिधिको शाशनको अभ्यास तर पछिल्लो समय विधिको साशन स्थापित गरी साशन सञ्चालन गर्न दलहरु चुकेको कारण गणतन्त्र माथि आलोचना र विरोधका आवाजहरु बढ्दै गएको देखिन्छ । संविधान र ऐन नियमको पक्षमा चर्का भाषण गर्ने तर यसको पालना र कार्यान्वयनमा भने बेखवर जस्तै देखिनु राम्रो भने पक्कै होइन । गणतान्त्रिक साशन व्यवस्थालाई बलियो बनाउनु छ भने आफु अनुकुलका लागि ऐन नियम तथा संविधानको संशोधन गर्न तर्फ होईन यसको पालना र कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । अस्वभाविक रुपमा भ्रष्टाचार, बेथिती तथा स्वेच्छाचारी क्रियाकलापहरु अत्याधिक मात्रामा बढ्दै गएको देखिन्छ । यसबाट साशन व्यवस्था माथि थप आलोचना सिर्जना भएको देखिन्छ भने नेतृत्वकर्ताहरु यसको नियन्त्रणमा असफल जस्तै देखिन्छन् । गणतन्त्रलाई बलियो बनाउनु छ भने स्वेच्छाचारी रुपमा चलेका प्रदेश र स्थानीय सरकारहरुलाई नियन्त्रित, निर्देशित र व्यवस्थित बनाउँदै लैजान जरुरी देखिन्छ । यसका साथै भ्रष्टाचारको अन्त्यका लागि स्थापित संवैधानिक अंगहरुलाई पूर्णरुपमा काम गर्न दिने परिस्थितीको सिर्जना गर्नु पर्दछ । पछिल्लो समय देश भन्दा माथि राजनीतिक दल, राजनीतिक दल भन्दा माथि तीनका नेता पिच्छेका गुटहरु, गुटहरु भन्दा माथि गुण्डा र डनलाई राख्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यीनै राजनैतिक आरक्षण प्राप्त डन र गुण्डाका कारण शान्ति सुरक्षा स्थापित गरी सुन्दर र शान्त नेपाल बनाउने पक्षमा समस्या सिर्जना भएको छ । यहि कारण अपराधीहरु कारवाहिको दायरामा आउन सकेका छैनन् । आम माफिका नाममा छुट पाईरहेका छन् । न्यायलयहरुले न्याय दिन सकिरहेका छैनन् । संवैधानिक अंगले स्वायत्तरुपमा काम गर्न पाएका छैन्न, नियन्त्रित र निर्देशित अवस्थामा पुगेको देखिन्छ । यस्तै क्रियाकलापहरु बढ्दै गयो भने साशन व्यवस्था माथि नै समस्या उत्पन्न हुने भएकाले गणतन्त्रलाई बलियो बनाउनु छ भने यस्था बेथितिको तत्काल अन्त्य हुन जरुरी देखिन्छ ।

जनताको साशन व्यवस्था मानिने गणतन्त्रमा पनि उहि अस्थिर राजनीति अवस्था, उही सरकार परिवर्तनको अवस्थाले निरन्तरता पाउनु,राजनीतिक दलहरु जनताका लागि भन्दा सत्ता प्राप्तिका लागि केन्द्रीत हुनु, सत्ताका लागि विवेक, इमान्दारीता र नैतिकता नै गुमाउने गरेको देखिनु यसका साथै राष्ट्र र राष्ट्रहित विपरीतका कार्यहरु बढ्दै जानु, अन्तर्राष्ट्रिय फोरमहरुमा राष्ट्रहितको पक्षमा दरिलो आवाज राख्न नसक्नु, सिमा सुरक्षा गर्न नसक्नु, राष्ट्रिय एकतालाई खलबल पुऱ्याउने अभिव्यक्ति जिम्मेवार निकायबाट व्यक्त गर्दै हिड्नु जसको कारण समय समयमा धार्मिक, जातीय तथा क्षेत्रिय द्वन्द्व बढ्दै जानुले गणतन्त्रलाई कमजोर बनाउने देखिन्छ । गणतन्त्रलाई बलियो बनाउनु छ भने उल्लेखित पक्षहरुमा सुधार गर्नु जरुरी देखिन्छ । लामो समयको प्रयास, दशंकौको बहस र छलफल, संयौको बलिदानी, लामो समयको आन्दोलन तथा अरवौंको राज्यको व्ययभार खर्च गरी लामो समयको शसस्त्र द्वन्द्वको अन्त्य गर्दै हरेक जाती, भाषा, धर्मका समस्या समाधान गर्दै शान्ति स्थापना गर्न सफल छ गणतन्त्र । त्यसैले यसलाई हलुका नजरअन्दाज गरी व्यवस्था विरोधी र परिवर्तनको अभिव्यक्ति दिने छुट कसैलाई छैन् भने यस व्यवस्थामा उत्पन्न बेथिती र देखिएका कमजोरीहरुको अन्त्य गर्दै यसलाई जनताको व्यवस्था बनाउने दायित्व क्रियाशिल राजनीति दलहरु र राज्य सञ्चालकहरुको हो । गणतान्त्रिक साशन व्यवस्थामा आवश्यक सुधार गरी जनताका लागि सरकारहरु अभिभावकको रुपमा उभिने अवस्था सिर्जना गरी गणतन्त्रलाई आ-आफ्नो ठाउँबाट बलियो बनाउनतर्फ लाग्नु आजको आवश्यकता देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुबिधा उत्पन्न हुन सक्छ, तर धार्मिक कार्यमा मन चैं लाग्नेछ । | **तुला** : विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । |
| **वृष** : आकस्मिक लाभ प्राप्त हुने छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । | **वृश्चिक** : न्यायिक कार्यमा सफलता मिल्ने र बौद्धिकताको विकास हुनेछ । |
| **मिथुन** : घुम्न जाने योजना बन्न सक्छ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । | **धनु** : कठोर परिश्रम गर्नुपर्ने समय छ । दैनिक व्यवहारमा खर्च बढ्न सक्छ । |
| **कर्कट** : मित्रबाट सहयोग मिल्नेछ । भोलि कतै घुम्न जाने योजना पनि बन्न सक्छ । | **मकर** : धर्मकर्म, परोपकार तथा समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : दौडधुप गर्नु गरेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ । | **कुम्भ** : धार्मिक महत्वको क्षेत्रमा भ्रमण हुनसक्छ । |
| **कन्या** : आकस्मिक धनलाभ र आर्थिक क्षेत्रमा सफलता मिल्नेछ । | **मीन** : मित्रबाट विशेष सहयोग मिल्नेछ । कतै घुम्न जाने योजना बन्न सक्छ । |




निबन्ध — कमल रिजाल

# उपलब्धि



> घाँस, कुँडो गर्ने मानिसको योगदान होला, उत्पादनलाई बजारसम्म पुऱ्याउने मानिसको योगदान होला, बजारमा खरिदबिक्री गर्ने मानिसको योगदान होला तर उपलब्धि भने तपाईको नितान्त व्यक्तिगत भइरहेको हुन्छ । यद्यपि व्यापार व्यवसायबाट फाइदा नै हुन्छ भन्ने छैन । यदाकदा घाटा हुन पनि सक्छ, नोक्सान हुन पनि सक्छ तर त्यो पनि उपलब्धि नै हो, तपाईले व्यापार, व्यवसाय गर्न नजान्दाको उपलब्धि ।

उपलब्धि भनेको काम पूरा भएपछि पाइने फल हो । तपाईले कुनै काम गर्नुभएको थियो पूरा गर्नुभयो । त्यसपछि जुन प्रतिफल प्राप्त हुन्छ त्यही नै उपलब्धि हो । आउनुस् एक छिन यो कस्तो र कति किसिमको हुन्छ विश्लेषण गरौँ । उपलब्धि अनेक किसिमका हुन्छन् । आत्मिक उपलब्धि, पारमार्थिक उपलब्धि, आध्यात्मिक उपलब्धि, भौतिक उपलब्धि, आर्थिक उपलब्धि, बौद्धिक उपलब्धि, वैचारिक उपलब्धि, शैक्षिक उपलब्धि, प्रशासनिक उपलब्धि, राजनीतिक उपलब्धि, सामाजिक उपलब्धि, सार्वजनिक उपलब्धि, वैधानिक उपलब्धि, अवैधानिक उपलब्धि यस्तैयस्तै । तथापि मूलतः व्यक्तिगत उपलब्धि, सामूहिक उपलब्धि र उभयमुखी उपलब्धि गरी तीन किसिमले अर्थ्याउन सकिन्छ । यिनमा राजनीतिक, सामाजिक र सार्वजनिक उपलब्धि सामूहिक उपलब्धिमा पर्छन् भने यस बाहेकका उपलब्धि व्यक्तिगत उपलब्धिमा पर्छन् तर अवैधानिक उपलब्धि भने व्यक्तिगत पनि हुन सक्छ, सामूहिक पनि हुन सक्छ । अतः यस्ता उपलब्धि उभयात्मक उपलब्धिमा पर्न पुग्छन् । यीमध्ये यहाँ व्यक्तिगत उपलब्धिलाई लिइएको छ ।

यसलाई पनि तपाई आत्मकेन्द्रित, परकेन्द्रित र तटस्थ गरी तीन किसिमले अर्थ्याउन सक्नुहुन्छ । यीमध्ये आत्मकेन्द्रित उपलब्धि नितान्त व्यक्तिसित सम्बन्धित हुन्छ । जसले मिहिनेत गर्छ उसैले प्रतिफल पाउँछ, जसले पढ्छ उही पास हुन्छ, जसले खेतीपाती गर्छ उसले फसल उमार्छ, जसले पशुपालन गर्छ उसैले दूध, दही, घ्यु र मासु बेचेर पैसा कमाउँछ । मानिलिनुस् तपाई कुनै बैंकको मालिक हुनुहुन्छ । बैंकले प्रशस्तै पैसा कमायो । वर्षमै करोडौँ नाफा गऱ्यो । त्यो पैसा कसको ? तपाईकै त हो । यद्यपि यसमा धेरै मानिसको योगदान रहेको हुन्छ । धेरैले मिहिनेत गरेका हुन्छन् । कर्मचारीको हुन्छ, मजदुरको हुन्छ, धितो राख्ने सज्जनको हुन्छ, ऋण लिने सज्जनको हुन्छ, साहुको हुन्छ, आसामीको हुन्छ, बचत कर्ताको हुन्छ । उनीहरूको योगदानकै कारण बैंकले नाफा गरेको हो, नाफा कमाएको हो तर समग्रमा त्यसको उपलब्धि तपाईकै हुन्छ, तपाईकै मानिन्छ, तपाईकै ठहर्छ । हुन सक्छ तपाई व्यापारी हुनुहुन्छ । फुटकर बिक्रेता पनि हुन सक्नुहुन्छ, थोक बिक्रेता पनि । दाल, चामल, चिनी, दलहन, खाद्यान्न, जस्तापाता, स्टिल, सिमेन्ट, छड व्यवसाय जे को पनि हुन सक्छ । तपाईको व्यापार फस्टायो वर्षकै लाखौँ कमाइ भयो, करोडौँ कमाइ भयो । यहाँ पनि योगदान सबैको हुन्छ । सबैभन्दा बढी योगदान ग्राहकले दिएका हुन्छन् तर त्यसको फाइदा तपाईको व्यक्तिगत हुन्छ । कृषक हुनुहुन्छ भने पनि त्यस्तै हो । मल, जल, काम गर्ने मानिस, क्रेता, बिक्रेता सबैको योगदान रहेको हुन्छ तर पनि त्यसको उपलब्धि भने तपाईको नितान्त व्यक्तिगत हुन्छ । तपाईले कुखुरा पाल्नुभएको छ भने अरूले अन्डा र मासु किनिदिएर नै तपाईको व्यापार फस्टाएको हो नि होइन र ? तथापि मूलमा फाइदा भने तपाईकै भइरहेको हुन्छ । पशुपालन हुनुहुन्छ भने पनि त्यस्तै हो । यसमा पनि अन्य धेरै मानिसको योगदान रहेको हुन्छ । घाँस, कुँडो गर्ने मानिसको योगदान होला, उत्पादनलाई बजारसम्म पुऱ्याउने मानिसको योगदान होला, बजारमा खरिदबिक्री गर्ने मानिसको योगदान होला तर उपलब्धि भने तपाईको नितान्त व्यक्तिगत भइरहेको हुन्छ । यद्यपि व्यापार व्यवसायबाट फाइदा नै हुन्छ भन्ने छैन । यदाकदा घाटा हुन पनि सक्छ, नोक्सान हुन पनि सक्छ तर त्यो पनि उपलब्धि नै हो, तपाईले व्यापार, व्यवसाय गर्न नजान्दाको उपलब्धि । यसै पनि तपाईले व्यापार घाटा खानका लागि गर्नुभएको थिएन । नाफा कमाउनकै लागि गर्नुभएको थियो । तपाईले नजान्दा नै घाटा खानुपरेको हो । व्यापार व्यवसायबाटै घाटा खानुपर्ने हो भने त अरूले पनि खानुपर्ने हो, अरूलाई पनि घाटा हुनुपर्ने हो तर अरूलाई भएन, तपाईलाई मात्रै भयो भने मान्नुपर्ने हुन्छ तपाईकै कारण भएको हो, तपाईंकै ढङ्ग नपुगेर भएको हो । विद्यार्थी हुनुहुन्छ भने पनि अवस्था त्यस्तै हो । तपाई कुशल विद्यार्थी हुनुहुन्थ्यो राम्रोसित परीक्षा उत्तीर्ण गर्नुभयो र राम्रो ठाउँमा जागिर पाउनुभयो तपाईको भविष्य सप्रियो । यो तपाईको व्यक्तिगत उपलब्धि हो तर यसमा पनि धेरैको योगदान रहेको हुन्छ । शिक्षकको हुन्छ, विद्यालयको हुन्छ, विद्यालय व्यवस्थापनको हुन्छ, अभिभावकको हुन्छ । किताब, कपी, कम्प्युटरको हुन्छ, तिनका उत्पादक तथा व्यवस्थापकको हुन्छ तर पनि उपलब्धि भने तपाईकै व्यक्तिगत नै हुन्छ । शिक्षक हुनुहुन्छ भने पनि त्यस्तै हो । तपाईको उन्नति र प्रगतिमा सबैको योगदान रहेको हुन्छ । विद्यार्थीको हुन्छ, विद्यालयको हुन्छ, व्यवस्थापकको हुन्छ तर उपलब्धि भने व्यक्तिगत हुन्छ, तपाईको हुन्छ । कर्मचारी हुनुहुन्छ भने पनि त्यस्तै हो । सरकारको योगदान छ, कर तिर्ने जनताको योगदान छ, कार्यालयको योगदान छ, स्कुल, क्याम्पसको योगदान छ । शिक्षकहरूको योगदान छ । तब न त्यहाँ पुग्नुभएको हो तर त्यसबाट जे जति उपलब्धि हासिल गर्नुभयो ती सबै तपाईको व्यक्तिगत भयो । एवंरीतले केलाउँदै जानुभयो भने हरेक क्षेत्रमा यही नियमले काम गरेको पाउनुहुन्छ ।

त्यस्तै जुन कामबाट अरूलाई फाइदा हुन्छ त्यो परकेन्द्रित उपलब्धि हो । मानौँ कसैले कलकारखाना चलाएको छ, उद्योग धन्दा खोलेको छ, व्यापार, व्यवसाय चलाएको छ । यसमा जोजसले सहयोग गरेका हुन्छन् तिनले पाउने फाइदा वा श्रेय नै परकेन्द्रित उपलब्धि हुन् । एवं रीतले केलाउँदै जानुभयो भने यहाँ पनि यही नियमले काम गरेको पाउनुहुनेछ । जहाँसम्म तटस्थ उपलब्धिको कुरा छ त्यसको कुरा भने बेग्लै छ । व्यक्ति विशेष, समाज विशेष वा देश विशेषकै कुरा गर्दा पनि प्रत्यक्ष लाभ, हानि केही पनि नहुने उपलब्धिलाई तटस्थ उपलब्धि भनिन्छ । उपलब्धि त हो तर कसैलाई पनि प्रत्यक्ष लाभ नभएका वा नहुने विषय यसमा पर्छन् । यस्ता उपलब्धि सजातीय र विजातीय गरी दुई किसिमका हुन्छन् । एउटै जातिसित सम्बन्धित उपलब्धि सजातीयमा पर्छन् । अर्को जातिसित सम्बन्धित उपलब्धि विजातीयमा पर्छन् । सजातीय उपलब्धि पनि व्यक्तिगत, सामूहिक र अन्तर्देशीय गरी तीन किसिमका हुन्छन् । एवं रीतले केलाउँदै जाने हो भने उपलब्धिका अनेक स्वरूप र किसिम रहेको प्रस्टै अनुभूत गर्न सकिन्छ ।

*-रातोपाटी डटकम*

बाल कथा — नन्दलाल आचार्य

# पातर र कडगरको जोडी

बाह्र बजेको चर्को घामले बाटो हिँड्नेलाई असिनपसिन पारेको छ । दुई जना चुइँकिने साइकलमा चढेका छन् । उत्तरतिर हाँकिँदै छन् । बाटाभरि विद्यार्थीहरू भेटिन्छन् । एक किसिमको गुन्जायमान वातावरण फेला पर्छ, 'बाई, बाई सर ! बाई...।' आफुले अभिवादन नफर्काएमा पाखे भइएला भन्ने त्रास छ, साइकल यात्रीहरूमा । उनीहरूका पनि ओठ खुल्छन्, 'बाई, बाई स्टुडन्टः बाई ।' दुवै यात्रु बोर्डिङ्गका शिक्षकहरू हुन् । दुवैमा युवा जोस छ, नयाँ रगत दगुरिरहेको छ तर नयाँ सोच उम्रन सकिरहेको छैन । दुवै आफु तालिम अप्राप्त काँचा, कलिला शिक्षक मानिन तयार छन् । तर उनीहरूका प्रिन्सिपल भने शिक्षकलाई शिक्षकका रूपमा हैन, एक रेलका यात्रुका रूपमा सम्झन्छन् । स्कूललाई रेल्वे स्टेशन सम्झन्छन् । उनी भन्ने गर्थे, 'यात्री त रेल्वे स्टेशनमा कत्ति आउँछन् र जान्छन्, यस्तो क्रम निरन्तर चलिरहेकै हुन्छ ।' जसले थोरैतलव स्वीकार्यो र गोरु जोताइ जोतियो ऊ टीकाउ सर भयो । तर जसले यथोचित पारिश्रमिक लिएर श्रम बेच्न खोज्यो, उसका लागि छोटोभन्दा छोटो समय प्राप्त हुने भयो ।

बोर्डिङ्ग स्कूल शिक्षकका लागि एक किसिमको जेल हो । त्यहाँ भित्रिनु पनि वाध्यता हो । चाहेर पनि निस्कन नसक्नु अर्को बाध्यता हो । उनीहरूका बीचमा यस्तै-यस्तै कुरा हुन्थे । साइकलको पछिल्तिर बस्ने गहुँगोरो थियो, सिकुटे थियो, फुँङ्ग उडेको मुहार थियो । जे बोल्थ्यो, त्यो गर्थ्यो । जे गर्थ्यो, त्यही बोल्थ्यो । हण्डर खान जानेको थियो । पीडा भोग्नेलाई नै सुखको आनन्दानुभूति प्राप्त हुने कुरामा ऊ विश्वस्त थियो । शारीरिक रूपमा ऊ पातलो भएकाले विद्यार्थीहरूले उसको नाम 'पातर सर' राखेका थिए । मंगोलियन आकृतिको रातोपीरो मुहारको थियो । पाठ्यक्रम, पाठ्यपुस्तक र राष्ट्रले निर्धारित गरेका उद्देश्य पूरा गर्न-गराउन कटिबद्ध छौँ । अतः आफ्ना लागि पढ्ने गर । पढाइलाई वाध्यता नसम्झ । तिमीहरू हाँस्दै, नाच्दै, खेल्दै र गाउँदै सिक्न सक्छौँ । त्यसका लागि केवल चाख लिनुपर्छ । चिन्तनमनन गर्नुपर्छ । नजाने र नबुझेका ठाउँमा सिकाइको खोजयात्रामा निस्कन सक्नुपर्छ ।' राजदेवी मन्दिरमा घण्टहरू बज्न सुरु हुनासाथ पातर जुरुक्क उठेर दैनिक कार्य गरी स्कूलका लागि तयार हुन्थ्यो । सडकमा उभिन्थ्यो र कडगरलाई कुर्थ्यो । घरिघरि आफ्नै सामर्थ्यले आर्जेको भुक्के घडी हेर्थ्यो । प्रार्थनाको समय ढिलो हुन लाग्यो भन्दै हतारिन्थ्यो । कडगर भने साइकल चुँइक्याउँदै आइपुग्थ्यो । 'बुढियाले मुराई-तरकारी नखाईकन आउनै दिइनँ, ढिलो गर्दिई ।' ऊ स्पष्टिकरण दिन्थ्यो । त्यस समय ऊ मलेठ गाउँमा विद्यार्थी पढाएर बस्थ्यो । उनका कुरा सुनेर पातर भने मुख मिठ्याउँथ्यो । कारण मुराई-तरकारी उसलाई पनि मन पर्थ्यो । साइकलको पछिल्तिर पातर बस्थ्यो । नयाँ शैक्षिक सत्र सुरु हुनासाथ प्रिन्सिपल राम्रा शिक्षकहरूका नजिक हुन्थे । हुन त स्कूल प्रवेश गर्नेहरूको सुविधा मासिक नौ सयदेखि पन्ध्र सयसम्म थियो । उसबेला सहरमा एक जना मान्छेलाई सामान्यरूपले बाँच्न कम्तीमा मासिक सत्र सय लाग्थ्यो । कडगरको कडा विचार देखेर नै उनको तलव मासिक सोह्र सय तोकिएको थियो । उसको यस लोकप्रियतामा डाहा गर्ने अन्य पुराना शिक्षक मित्रहरूको कमी थिएन । 'कडगर सर टिचर जकाँ नहि लागैत अछि मुदा निक टिचर अछि ।' (कडगर सर शिक्षक जस्तो लाग्नुहुन्न तर असल शिक्षक हुनुहुन्छ ।) अभिभावहरूको आवाज सुनिन्थ्यो । यस्ता भनाइले पनि उसको उचाइ दिनानुदिन चुलिँदै थियो । ऊ बोर्डिङ्ग स्कूलको शिक्षक मात्र नभएर महेन्द्र विन्देश्वरी क्याम्पस, राजविराजमा पढ्ने विद्यार्थी पनि थियो । क्याम्पसको कक्षा छुटाउनु आफ्नो धर्म विपरित ठान्थ्यो । सारा अङ्ग्रेजी विभागमै उसको नाम थियो । त्यहाँ भने उनको नाम 'मिष्टर एभिट' थियो । सायद ऊ कुनै कुरामा गहिरिएर अध्ययन गर्ने र आफ्ना कुराहरू निर्धक्क राख्ने भएकाले ठट्यौलो पाराको नाम रोजिएको हुनसक्छ । शेक्सपियरका नाटक वा नाट्यकारिताका कुरा हुन् या 'अ कम्पेनियन टु लिटेरेचर' का कुरा हुन्, उसका जिज्ञासा कडा खालका हुन्थे । जवाफ दिन नसकेर उसलाई पढाउने कतिपय शिक्षकहरू कहिलेकाहीँ विलखबन्दमा समेत पर्थे । गम्भीर समीक्षकले पर्गेल्न नसक्ने प्रसङ्गहरू उसले तेर्साएको हुन्थ्यो ।

बोर्डिङ्ग स्कूलमा शिक्षकहरूको तलव बढाउने दिन आयो । उसको तलव भने सोह्र सयबाट बत्तीस सय पुर्याइयो । त्यस बेला प्रिन्सिपलले उसलाई भनेका थिए, 'सर ! आजसम्म मैले अङ्ग्रेजी विषयको तपाईजस्तो शिक्षक पाएको छैन । ऊ बेला-बेलामा प्रधानाध्यापकहरूसँग भन्ने गर्थ्यो, 'यसरी शैक्षिक स्तर कहाँ उक्सन्छ र ? यस्तो काइदाले शिक्षकको जिम्मेवारी कहाँ पूरा हुन्छ र ? विद्यार्थीका दैनिक आवश्यकता र यथोचित चाहना विपरित हिँड्दा अभिभावकको जिम्मेवारी कसरी पूरा भयो र ?' उसले त्यहाँ विद्यालय व्यवस्थापन, शिक्षक र अभिभावक तीनै थरिको कमजोरी देख्यो । सबै जसो शिक्षक शिक्षण क्षेत्रमा सुधारभन्दा पनि समय कटाउन र तलव भत्ता पकाउनमा नै मख्ख र मस्त भएको देख्यो । जसरी भए पनि कक्षा चढाउनु पर्थ्यो विद्यार्थीलाई । उनले पचहत्तर प्रतिशत विद्यार्थीलाई अनुत्तीर्ण पार्नुपर्ने अवस्था देखे । त्यहाँ भएकाहरू मध्ये अधिकांश स्थानीय शिक्षकहरू थिए । कसैका नानीहरू अनुत्तीर्ण भइहाले भने चौतर्फी गुनासाका स्वरहरू गुन्जिन्थे । 'यी माष्टर सब सालभर कि करैछै ? हमरा बच्चाके फेल क्या देलकै । हम किताबकापी किन्देने चिए । सब दिना स्कूल भेज्ने चिए । आब हम कि करबै ?' अभिभावकहरूको स्वरले स्कूल थर्कन्थ्यो । बोर्डिङ्ग स्कूलमा यस खाले समस्या नदेखिने भने होइनन् तर विरलै । कडगरको मनले मनसँग कुरा गरिरह्यो । विचरा विद्यार्थीको मात्रै के दोष ? उनीहरू त अग्रजको लापरवाहीका सिकार भएका मात्रै हुन् । सबै शिक्षक वर्गमा अघोषित नीति थियो । देश अनुसारको भेषमा रहनुपर्छ भन्ने कुरा कडगरलाई पनि राम्ररी थाहा थियो । नेपालका शैक्षिक ऐन-कानून र नियमावलीहरूको पनि राम्रो अध्ययन थियो । जनताको नून खाएपछि काम गर्नैपर्छ भन्ने ठोस निष्कर्षमा उनी पुगेका थिए । एक्लो वृहस्पति बन्छु भन्ने भय उनमा रत्तिभर थिएन । त्यसैले उनी आफ्नो कर्तव्यको बाटोमा डटेर लागे, लागि नै रहे । कक्षाकोठामा अनुशासन कायम गर्न होस् या नियमित पार्न होस् वा पढाइप्रति अभिरूचि जगाउने काममा होस्, उसले हरसम्भव प्रयत्न गर्यो र विद्यार्थीमा आमूल परिवर्तन ल्याइदियो । फलस्वरूप अरू शिक्षकहरूमा पनि धेरै परिवर्तन आयो । ऊ माथिल्ला कक्षाका विद्यार्थीहरूलाई भन्ने गर्थ्यो, 'हेर नानी हो ! म आफ्नै कुरा भनेर तिमीहरूलाई सोच विचार गरेर काम गर्न प्रेरित गर्दैछु । म अहिले एक माध्यमिक तहको अङ्ग्रेजी शिक्षकको रूपमा तिमीहरूको सामुमा छु । यहाँसम्म आइपुग्न मैले धेरै धेरै भेलहरू तर्नुपरेको छ ।

अनगिन्ती कराल पहाडहरू फोर्नुपरेको छ । कक्षा पाँचको विद्यार्थी छँदादेखि नै मैले अर्काको घरमा बसेर ससाना बच्चालाई पढाएर पढाइको खर्च बटुलेँ । टिउशनको मुख देखिनँ । अरूलाई पढाएर धेरै जान्ने भएँ । आफुले जानेको जति धेरैलाई बाँड्न सक्यो उत्ति जान्ने भइँदो रहेछ । मनमा भएका जिज्ञासाहरू शिक्षकसामु राखी समाधान पाउन सके पढाइप्रति अभिरूचि जाग्छ । मनमा अँध्यारो पाटो नरहनु भनेको उज्यालोको राज्य स्थापित हुनु हो । सोच ठूलो राखी कर्ममा डटेर लाग । आजको समयले भोलिको जीवन सुनिश्चित पार्छ । गफले संसार हाँक्छु भन्न छाडिदेओ । आजलाई मनमा राख र कर्ममा विश्वस्त बन ।' पछिको कुरा जान्ने को छ र यहाँ ? नभन्दै रिजल्ट भयो । ऊ सफल भएछ । उसको पोष्टिङ्गको सवाललाई लिएर प्रधानाध्यापकहरूमा तँछाड मछाड भएछ । सबैको आ-आफ्नै खाले स्वार्थ थियो । ऊ थियो स्नातक डिग्री पाएको तालिम प्राप्त शिक्षक । कतिपय स्कूलमा माध्यमिक विद्यालयमा पढाउने शिक्षक पाउनै गारो थियो । पछि थाहा पाइयो, उसले आफ्नै गाउँको स्कूलमा प्राथमिक शिक्षकको रूपमा माध्यमिक तहमा पढाउनुपर्ने भएछ । ठीकै छ भन्दै ऊ आफ्नै गाउँतिर हानियो । २७ असार, २०६१ को निर्णय बमोजिम भदौ १ गतेदेखि तलब भत्ता पाउने गरी उसले नियुक्ति पायो । अनवरत रूपमा ऊ विद्यार्थीहरू बीच उभिरहेको छ । तिनीहरूलाई नै हँसाउँदै र नचाउँदै पढाइ-सिकाइ नै रहेको छ र लोकप्रियता कमाइ नै रहेको छ ।

*-साहित्य संग्रह डटकम*


लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
पाल्पा, तानसेन

**व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८०/०८/२१*

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमका सीप विकास तालिममा सहभागी हुन ईच्छुक व्यक्तिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पध्र) दिन भित्र कार्यालयमा उपस्थित भई वा कार्यालयको इमेल: csiopalpa@gmail.com मार्फत तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | तालिमको विवरण |
|---|---|
| १. | सुन्तला उत्पादन क्षेत्रमा कृषि सहकारीकर्मीहरुलाई सुन्तला जुस उत्पादन तथा प्याकेजिङ्ग तालिम |
| २. | विपन्न, मुक्त कमैया/कम्लहरी, माझी, कुमाल, चुनारा एवं लोपोन्मुख सीमान्तकृत नागरिकका लागि चुरा बनाउने तालिम |

नोट:
- निवेदक १८ वर्ष पूरा भएको, लुम्बिनी प्रदेश भित्र स्थायी बसोबास भएको हुनुपर्नेछ ।
- माथि उल्लेखित तालिम कार्यक्रमका लागि कम्तिमा १५ जना व्यक्तिहरुको निवेदन पेश नभएमा उक्त तालिम सञ्चालन गरिने छैन ।
- बुदाँ नं.२ बमोजीमको लक्षित वर्गमा आधारित तालिमको हकमा सो वर्ग पुष्ट्याई हुने कागजात सहित स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।
- निवेदकले निवेदनको साथ यस भन्दा अगाडि सोही प्रकृतिको तालिम नलिएको स्वघोषणा पेश गर्नुपर्नेछ।

(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको फोन नं.०७५-५२०२३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे) को मो.नं. ९८४७०६७५६४ मा सम्पर्क गर्न सकिनेछ ।)

*उद्योग अधिकृत*
*घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा*

# अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाइँदै




**पाल्पा,** मंसिर २०/आज अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । संयुक्त राष्ट्रसंघको महासभाले १९९६ देखि डिसेम्बर ७ लाई नागरिक उड्डयन दिवसको रुपमा मान्यता दिएपछि मनाउन थालिएको हो ।

नेपालमा सन् १९५७ मा नागरिक उड्डयन प्राधिकरण स्थापना भएको हो । उड्डयनको सुरक्षा, गुणस्तरीय सेवाको व्यवस्था लगायत व्यवस्थित अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र अनि विमानस्थलको सुरक्षा नै यसको मुख्य उद्देश्य हो । भौगोलिक अवस्था, गुणस्तरको कमी, अन्तर्राष्ट्रिय समुदायले अपनाउँदै गरेको प्रविधि अपनाउन नसक्नु अनि मानवीय त्रुटिका कारणले नेपाली आकाशमा विमान दुर्घटनाका निरन्तर समाचार आइरहन्छन् । कतिपय दुर्घटनाका कारणहरू नियन्त्रण बाहिर हुन्छ भने उड्डयनका आधार तथा नियमहरूलाई आत्मसाथ गर्न सके धेरै दुर्घटनाहरू कमी हुन सक्छ । वास्तवमा भन्ने हो भने हवाई उड्डयनले संसारलाई एकसुत्रमा बाँधिदिएको छ । एउटा कुनाबाट अर्को कुना खासै पर छैन र त्यससँगै यसका चुनौतीहरू पनि आएका छन् । सन् २०१४ मा मलेसियाको क्वालालम्पूर विमानस्थलबाट चीनतर्फ उडेको मलेसियन एयरलाइन्सको जहाज अझै भेटिन सकेको छैन । धेरै यात्रुवाहक विमानहरू युद्धको आवेशमा भएका प्रहारले खसालिएका छन् अनि कैयन विमानहरू अनि तिनका अवशेषहरू अझै फेला पर्न सकेका छैनन् । गत वर्ष पोखरामा भएको यति एयरलाइन्सको दुर्घटनाले नेपालीहरुमा ठूलो चोट दिएर गएको छ । हवाई सुरक्षा एउटा अत्यन्तै संवेदनशील विषय हो र यसलाई प्राथमिकतामा राख्न आवश्यक छ । अझै पनि नेपाली आकाशमा सिंगल इन्जिन सहितका जहाजहरू यात्रुसहित उडाइँदै छन् यसलाई विडम्बना नै मान्नुपर्छ ।


# पीडा सहेरै हिंसा लुकाउन...

..'मेरो १२ वर्षको एक छोरालाई घरपरिवारले साथमा बस्न दिँदैनन्, चार वर्ष भयो मेरो साथ छुटाएर अन्यत्र राखेका छन्', उनले भनिन्, 'नन्दको साथमा छोरालाई परिवारले राखे छन्, आफूले दुःखले जन्माएर हुर्काएको छोरालाई मसँग निर्धक्कसँग फोनमा कुराकानी गर्न दिँदैनन् ।' घरपरिवारले राम्रो व्यवहार नगर्ने, गाली बेइज्जती गर्ने, मानसिक रुपमा धेरै पीडा दिने गरेको उनी बताउँछिन् । कानुनी उपचारका लागि न्यायालयमा पुग्न विभिन्न आर्थिक चुनौतीको सामाना गर्दै आफू न्यायका लागि हिजोआज निर्धक्कसँग लड्न सक्ने भएको उनले बताइन् । उनका श्रीमान् हाल वैदेशिक रोजगारमा छ भने घरमा सासूसँगै बसोबास गर्दै आएका छन् । उनी भन्छिन्, 'दाइजो नल्याएको निहुँमा घरपरिवारबाट हिंसा गर्न सुरु भयो, घरपरिवार, माइतीको इज्जत जाने डरले हिंसा सहेर बसेँ, परिवारले घरबाट निकाल्न अनेकौं षडयन्त्र गरेर मानसिक पीडा दिने, सम्बन्ध विच्छेदका लागि अदालतसम्म लैजाने काम गरे तर सम्बन्ध विच्छेदमा मेरो असहमति रहेकाले मेरो पक्षमा फैसला भयो ।' श्रीमान्, सासू-ससुरा, घरपरिवार, आफन्तको डरका कारण हिंसाको उजुरी सम्बन्धित निकायमा पुग्न नसकिरहेको अवस्था छ । उजुरी दिने निकायसम्म पुग्न जनचेतनाको अभाव र प्रक्रियाका बारेमा जानकारी नहुँदा समस्या छ ।

आर्थिकरूपमा सम्पन्न व्यक्तिबाट मात्रै सम्बन्धित निकायमा हिंसाका उजुरी आउने गरेको छ । न्यायिक समितिले पनि तल्लो तहबाट ल्याउनुपर्ने कुराहरु ल्याउन नसकिरहेको अवस्था छ । स्थानीय तहमा वडा-वडामा मेलमिलापकर्ताको व्यवस्था गरिए पनि हिंसा न्यूनीकरणमा त्यति प्रभावकारिता देखिँदैन । वडा-वडामा जिम्मेवारी पाएका मेलमिलापकर्ताले आफ्नो काम र भूमिकाबारे अनभिज्ञ हुनु, जिम्मेवारी गहन रुपमा निभाउन नसक्दा पनि तल्लो तहबाटै हिंसाका घटना चरणबद्ध रुपमा सम्बन्धित निकायमा पुग्न सकिरहेको छैन । आफू आफ्नो पेसा, व्यवसाय गरेर जीवनभर बाँच्न सक्छु भन्ने व्यक्तिले मात्रै हिंसाविरुद्ध कानुनी उपचारका लागि सम्बन्धित निकायमा जाने गरेको सञ्चारकर्मी बन्दना पोखरेल बताउँछिन् । उनी भन्छिन्, 'एक/दुई महिला गलत बाटोमा लाग्यो भने सबै महिला गलत हुन् भन्ने नकारात्मक धारणा समाजले सावित गरिदिएको हुन्छ, पुरुषले जति थिचोमिचो गरे पनि महिलाले सहनपुर्छ भन्ने समाजको गलत बुझाइका कारण हिंसाको सिकारमा महिला परेका छन् ।' कमाउने आधार नहुँदा, श्रीमान्, घरपरिवारको भरमा बाँच्नुपर्ने महिलाले आफूमाथि हिंसा भइरहे पनि आर्थिक रुपमा बलियो नभएका कारणले सहेर बस्न बाध्य रहेको उनको बुझाइ छ । आर्थिक क्षेत्रमा बलिया, विभिन्न पेसा, व्यवसायमा आफैं जीविकोपार्जन गरेर जीवन धानिरहेका महिलाहरु हिंसाविरुद्ध कानुनी उपचारका लागि सम्बन्धित निकायमा जाने गरेको पाइएको छ । अझै पनि हाम्रो समाजमा हिंसाका घटनालाई सामान्य रुपमा हेरिदिने गरेकाले परिवर्तन जुन रुपमा हुनुपर्ने त्यो हुन नसकेको स्थानीय शासन तथा लैङ्गिक शासनविज्ञ सोभिता परियारले बताइन् । 'कोही व्यक्ति हिंसामा पऱ्यो भने हाम्रै समाजले त्यसको कानुनी उपचारमा अघि बढ्नुका सट्टा सामान्य रुपमा लिने गरेकाले हिंसाको घटना हुने गरेको छ, त्यसमा पनि महिलाका कारण उठाउँदा त्यति महत्व नदिने परिपाटी अझै पनि कायमै छ,' उनले भनिन् । महिला आफैंले पनि बुझेर परिवर्तन गर्दैनन्, त्यसले गर्दा मानसिक रुपमा व्यक्ति स्वयम् नै परिवर्तन हुनुपर्ने उनले बताइन् । स्थानीय शासन तथा लैङ्गिक शासनविज्ञ परियारले विकसित सहर बजार, ठाउँमा पनि हिंसाका घटनाबाहिर धेरै आउने गरेको बताउँछिन् । हिंसा न्यूनीकरण गर्न पाल्पाको रामपुर नगरपालिकाले यही मंसिर ९ गते देखि २४ गतेसम्म 'लैङ्गिक हिंसाको अन्त्यको सुनिश्चिता : महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' नारालाई आत्मसात् गर्दै सचेतनामूलक कार्यक्रमलाई अभियानका रुपमा अगाडि बढाइरहेको छ । किशोरी शिक्षा, एकल तथा दलित महिलाहरुका लागि लैङ्गिक हिंसा तथा कानुनी सचेतना, न्यायिक समितिसँग प्रहरी साझेदारी, लैङ्गिक हिंसा निवारणमा नगरपालिकाको भूमिका र सरोकारवालाबीच छलफल, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, महिला कानुनी अधिकार सम्बन्धी सचेतना, विद्यार्थी सचेतनामूलक कार्यक्रम चरणबद्ध रुपमा सञ्चालन भइरहेको रामपुर नगरपालिकाका महिला तथा बालबालिका शाखाप्रमुख पूजा परियारले जानकारी दिइन् । रामपुर नगरपालिकामा गत आर्थिक वर्षमा मात्रै विभिन्न प्रकृतिका गरी जम्मा ७४ वटा मुद्दा दर्ता भएका छन् । जसमा जग्गा विवाद २७, पति पत्नीबीचको सम्बन्ध छ, ज्येष्ठ नागरिक र बालबालिका, घरेलु, महिला सम्बन्धी आठ, गाली, बेइज्जती चार, व्यक्तिवादी मुद्दा २० वटा, अन्य (कुलो, बाटो, साँध, सिमाना, पानी, घाट, रूखबिरुवा लगाएको, पशुपक्षीपालनले छिमेकी तथा समुदायमा पारेको असर) नौवटा मुद्दा न्यायिक समितिमा दर्ता हुन आएको पाइएको छ । दर्ता भएका मुद्दामध्ये ५८ वटा मेलमिलाप, आठवटा प्रक्रियामा, छवटा छलफल हुन बाँकी (जग्गा विवाद, पशुपक्षी पालनको असर, रूखबिरुवा, कुलो) रहेका छन् । यस आवको पहिलो चौमासिकमा ११ वटा मुद्दा दर्ता भएकामा पति-पत्नीबीचको सम्बन्ध चारवटा, कुलो तथा खानेपानी चारवटा, व्यक्तिवादी तीनवटा मुद्दा दर्ता भएको न्यायिक समिति सचिवालय सचिव पार्वती परियारले जानकारी दिइन् । उनका अनुसार यस आवको पहिलो चौमासिकमा दर्ता भएका मुद्दामध्ये चारवटा किनारा लागेको छ भने एकवटा सम्बन्धविच्छेद र एकवटा मुद्दा प्रक्रियामा छ । लैङ्गिक हिंसाका घटनामध्ये ८० प्रतिशत घरेलु हिंसाका घटना हुने गरेको पाइएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार घरेलु हिंसाभित्र पनि शारीरिक हिंसा ५३ प्रतिशत छ भने मानसिक हिंसाका घटना ४७ प्रतिशत रहेको छ । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा प्रहरीले सार्वजनिक गरेको तथ्याङ्क अनुसार प्रहरीमा दर्ता भएका मुद्दालाई विश्लेषण गर्दा ८९ प्रतिशत चिनजानका मानिसबाटै महिला तथा बालबालिका हिंसामा पर्ने गरेका छन् । घरेलु हिंसाभित्र श्रीमान-श्रीमतीबीच हुने हिंसाका घटना मात्रै ६७ प्रतिशत छ । पछिल्लो एक वर्षमा प्रहरीमा १६ हजार पाँच सय १९ घरेलु हिंसा र अन्य लैङ्गिक हिंसा चार हजार तीन सय ९४ वटा उजुरी दर्ता भएका छन् ।

## खेलकुद समाचार

### ईपीएलमा आर्सनल विजयी



**काठमाडौं,** मंसिर २०/इङ्लिस प्रिमियर लिग (ईपीएल) मा लुटोन टाउनलाई हराउँदै आर्सनल विजयी भएको छ । केनिलवर्थ रोडमा भएको खेलमा आर्सनलले घरेलु टोलीलाई ४-३ गोलको अन्तरले हराउँदै विजयी सुनिश्चित गरेको हो । निकै प्रतिस्पर्धात्मक खेलमा इन्ज्युरी समयमा गोल गर्दै आर्सनल विजयी भयो । आर्सनलका गेब्रियल मार्टिनेलीले २० औं, गेब्रियल जेससले ४५ औं, काई हाभर्ट्जले ६० औं र डेक्लन राइसले इन्ज्युरी समयको ७ औं मिनेटमा गोल गरे । लुटोन टाउनका गेब्रियल ओशोले २५ औं, एलिजह एडेबायोले ४९ औं र रोस बार्क्लेले ५७ औं मिनेटमा गोल गरे । यो जितसँगै आर्सनल १५ खेलमा ३६ अंकसहित तालिकाको शीर्ष स्थानमा यथावत् छ । आर्सनलले दोस्रो स्थानमा रहेको लिभरपुलसँग ५ अंकको अग्रता बनाएको छ । लुटोन टाउन उति नै खेलमा ९ अंकसहित १७ औं स्थानमा छ । यस्तै अर्को खेलमा उल्भ्सले बर्नलेलाई १-० गोल अन्तरले हरायो । मोलिनेक्स स्टेडियममा भएको खेलमा उल्भ्सको जितमा ४२ औं मिनेटमा ह्वाङ ही चानले गोल गरे । यो जितसँगै उल्भ्स १५ खेलमा १८ अंकसहित तालिकाको १२ औं स्थानमा छ । बर्नले उति नै खेलमा ७ अंकसहित १९ औं स्थानमा छ ।

## अर्थ/कर्पोरेट समाचार

# कारोबारको चौथों दिन नेप्सेमा सामान्य सुधार



**पाल्पा,** मंसिर २०/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । साताको पहिलो कारोबार दिन आइतबारदेखि निरन्तर ओरालो लागेको नेप्से परिसूचक चौथों दिन बुधबार आएर सामान्य सुधार देखिएको हो ।

नेप्से परिसूचक बुधबार आएर ३ दशमलव ३३ अंकले बढेर एक हजार आठ सय ४१ दशमलव ०४ बिन्दुमा कायम भएको हो । यसअघि मंगलबार नेप्से परिसूचक १० दशमलव १० अंकले गिरावट आएको थियो । कारोबारको चौथो दिन ३७ लाख ५५ हजार एक सय २४ कित्ता शेयर खरिदबिक्रीबाट एक अर्ब १४ करोड १८ लाख १२ हजार तीन सय ८२ बराबरको कारोबार भएको छ । सो कारोबारमा सबैभन्दा धेरै जीवन बीमा समूहको बढेको छ । जसको उपसूचक एक दशमलव २१ प्रतिशतले बढेको हो । यस्तै सबैभन्दा धेरै घट्नेमा उत्पादन तथा प्रशोधन समूह रहेको छ । जसको उपसूचक शून्य दशमलव ७० प्रतिशतले घटेको हो । ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै गुमाउनेमा भने सिङ्टी हाइड्रो इनर्जी लिमिटेड रहेको छ । जसको नौ दशमलव १३ प्रतिशतले घटेको हो । कारोबार भएको रकमका आधारमा सबैभन्दा धेरै रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड रहेको छ । जसको सात करोड ३४ लाख ४९ हजार १७ बराबरको कारोबार भएको छ । कारोबार भएको शेयर संख्याको आधारमा भने सबैभन्दा धेरै प्राइम कमर्सियल बैंक रहेको छ । जसको प्रमोटर शेयर एक लाख ८० हजार एक सय पाँच कित्ता शेयर किनबेच भएको छ ।


कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्तिघाट, गुल्मी
लुम्बिनी, प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयपत्र सम्बन्धी सूचना

*मिति: २०८०/०८/२१ गते*

प्रस्तुत विषयमा कालिगण्डकी गाउँपालिका गुल्मी द्वारा मिति २०८०/०६/१७ र २०८०/०७/०२ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहायका कार्य खरिदका लागि बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु खोली बोलपत्र मूल्याङ्कन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङ्कन समितिको निर्णयानुसार तपसिलका बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क. सहित) | कैफियत |
|---|---|---|---|---|
| KALIGANDAKI/ NCB/WORK/ 02-080-081 | Construction of PurtighatBhankharkaDamar Sireni Road at Ward No. 4, Kaligandaki RM, Gulmi. | Karki Brothers Construction Pvt. Ltd. | 3844153.72/- | (-60.06%) Lower |
| KALIGANDAKI/ NCB/WORK/ 01-080-081 | RakseSalphedDwardhungaBisaunaBhayakotRoat at Ward No. 2 Kaligandaki RM, Gulmi | Bishnu Devi NirmanSewa Pvt. Ltd. | 9383135.18/- | (-38.78%) Lower |
| KALIGANDAKI/ NCB/NOTICE/ 01-080-081 | Fabrication of Steel Parts and Transportation up to road heads of Kaligandaki-5, ChhaharaKhola | Junkiri Industries Pvt. Ltd. | 1945773.36/- | (-14.88%) Lower |
| KRM/W/ 080-81-03 | Construction of Ward Building, Kaligandaki RM-1, Gulmi | Fly Dream Construction Pvt. Ltd. | 3501936.78/- | (-37.92%) Lower |
| KRM/G/ 080-81-02 | Supply and Delivery of Medicines and Surgical Equipments. | Shivashakti Medical Stores. | 1125004.38/- | (-52.06%) Lower |

*नरेश गिरी*
*प्रमुख प्रशासकीय अधिकृत*



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।







कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई